# News Advisory

**नेपाल मिडिया सर्म्पक**
**राधा पौडेल**
सँस्थापक,
दक्षिण गोर्लादिय मर्यादित महिनावारी सञ्जाल
+९७७-९८४९५९६२९८/९८४०९६४९०४
Dignifiedmenstruation2019@gmail.com
Rpaudel456@gmail.com

**यु.एस मिडिया सर्म्पक**
**सियान पेई क्लार्डी**
साहयक निर्देशक
ग्लोबल एड्भोकेसी ओपरेशन, ए.एच्.एफ
+१ ३२३.३०८.१८२७ (५१८२७०) कार्यलय
Cyan.Clardy@ahf.org

दिपक ढुङ्गेल
एड्भोकेसी एण्ड मार्केटिङ म्यानेजर
+९७७-९८५१०७५३२२, नेपाल
Deepak.Dhungel@ahf.org

## चौथौं अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवस मनाउनको लागि सम्मेलनको आयोजना

**काठमाडौं (नोभेम्बर २५, २०२२)** लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १० तारिक) अर्न्तगत **डिसेम्बर ८, २०२२** मा विश्वव्यापी रुपमा **चौथौं अर्न्तराष्ट्रिय मर्यादित महिनावारी दिवस** मनाईदैं छ । सोही अवसरमा दक्षिण गोर्लादिय मर्यादित महिनावारी संजाल, राधा पौडेल फाउण्डेशनले एडस् हेल्थकेयर फाउण्डेशको सहयोगमा डिसेम्बर ८, २०२२ (बिहिबार) हाइब्रिड सम्मेलन आयोजना गर्दैछ । साथसाथै सबै सरकारी निकाय, संयुक्त राष्ट्र एजेन्सीहरु, सरोकारवालाहरुलाई चौँथौं अर्न्तराष्ट्रिय मर्यादित महिनावारी दिवस मनाउनको लागि आग्रह गर्दछ ।

यस वर्ष लगभग ६० वटा राष्ट्रहरुले ***"बालविवाह अन्त्यका लागि मर्यादित महिनावारी"*** भन्ने मुल नाराका साथ चौँथौं अर्न्तराष्ट्रिय मर्यादित महिनावारी दिवस विश्वव्यापीरुपमा मनाउँदै छन् । त्यसैगरि नेपालमा विभिन्न सरकारी निकायहरु, सरोकारवालाहरु, एकेडेमियाहरुले सात ओटै प्रदेशमा मर्यादित महिनावारीलाई केन्द्रित बनाएर विभिन्न कार्यक्रमहरु आयोजान गर्नुभएको छ ।

डिसेम्बर ८, २०२२ मा हुन लागेको हाईब्रिड सम्मेलन कार्यक्रममा विश्वको विभिन्न देशबाट २०० जना भन्दा बढी सहभागीहरु उपस्थित हुने अपेक्षा गरिएको छ । सो सम्मेलनमा लोरेटा वोङ्ग (ए.एच्.एफ), मोन श्री का (ए.एच्.एफ, कम्बोडिया), जुलियन इलेनिया पाल्मारियो तुम्बाली (ए.एच्.एफ, फिलिपिन्स्), अनाही रोड्रिगेज (मेक्सीको), असिम्वी ब्रिडजेट (युगाण्डा), जमिल किगेन्यी (युगाण्डा), यानो रुकोह बाई कामारा र टिटी मेमुनटु सान्हो (सियरा लियोन) विभिन्न देशलाई प्रतिनिधित्व गर्दै आफ्नो टिप्पणी प्रस्तुत गर्दै हुनुहुन्छ । साथै सोहि सम्मेलनमा मर्यादित महिनावारीका विज्ञ राधा पौडेलले, **लैङ्गिक हिंसा अन्त्यका लागि मर्यादित महिनावारीको आवश्यकता** विषयमा प्रस्तुतीकरण गर्नुहुनेछ ।

चौँथौं अर्न्तराष्ट्रिय मर्यादित महिनावारी दिवसलाई लक्षित गरेर दक्षिण गोर्लादिय मर्यादित महिनावारी संजाल र राधा पौडेल फाउण्डेशनले भिडियो प्रतियोगिता र मिडिया कल पुरस्कार प्रतियोगिता आवाहान गरेको थियो । सोहि प्रतियोगिताको विजयताहरुको घोषणा र पुरस्कार वितरण यसै कार्यक्रम मार्फत गरिने छ ।

कार्यक्रमको विवरण

- के : चौथौं अर्न्तराष्ट्रिय मर्यादित महिनावारी दिवसको अवसरमा मर्यादित महिनावारी सम्बन्धी संयुक्त वकालतका लागि महिला, बालिका, अधिवक्ताहरु, नीति स्तरका व्यक्तिहरु, विश्वव्यापी दक्षिण एसियामा साझेदारी सँस्थाहरु/ दाता प्रतिनिधिहरुको हाइब्रिड सम्मेलन
- कहिले : डिसेम्बर ८, २०२२
- बिहान १० बजे देखि :
- कहाँ : मोगुल मिडिया, काठमाडौं, नेपाल,
- को : दक्षिण गोर्लादिय मर्यादित महिनावारी सञ्जाल, र यसका सदस्यहरु (५० भन्दा बढि देशबाट), राधा पौडेल फाउण्डेशन, र एडस् हेल्थ केयर फाउण्डेशन

साथै, दक्षिण गोर्लादिय मर्यादित महिनावारी सञ्जालको श्रीलंका अध्यायले यसै अवसरमा विभिन्न विषयगत जस्तै मर्यादित महिनावारी, महिनावारी विभेद, मर्यादित महिनावारी र कानुन जस्ता विषयहरुमा भर्चुअल सम्मेलनको आयोजना गरेका छन् । विभिन्न देशबाट सो सम्मेलनमा आफ्नो प्रस्तुतीकरण गर्दै छन् । यसैगरि अफ्रिका अध्यायले आफ्नो क्षेत्रमा मिडिया क्याम्पेनिङ, विद्यालय, हस्पिटल, र समुदायमा मर्यादित महिनावारीमा वकालत गर्ने जस्ता कार्यक्रमहरु आयोजना गरेको छ ।
मर्यादित महिनावारीमा सार्वजनिक तथा नितिगत स्तरका व्यक्ति तथा अभियान्ताहरुको भनाई:

- **"अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवसलाई सर्मथन गर्न पाउँदा हामी निकै गर्व महसुस गर्दछौं, जुन महिनावारी र महिनावारीसगँ आवद्ध भएको कलंक हटाउन र महिनावारी हुने व्यक्तिहरुको क्षमता वृद्धी गर्न निकै आवश्यक छ।" टेरी फोर्ड**, ग्लोबल एड्भोकेसी र नीति प्रमुख, एड्स हेल्थकेयर फाउन्डेशन।
- "एएचएफले महिनावारी सम्बन्धी राम्रो स्वास्थ्य अभ्यासहरू बारे समुदायहरूलाई शिक्षित गर्दै समयको वरिपरि हानिकारक सामाजिक मान्यताहरू परिवर्तन गर्न सक्रिय रूपमा काम गर्दछ। हामी हरेक वर्ष महिनावारी स्वास्थ्यलाई हाइलाइट गर्छौं र महिनावारीमा लागेको कलंक अन्त्य गर्न वकालत गर्छौं, "एड्स हेल्थकेयर फाउन्डेसनका एशिया ब्यूरो प्रमुख डा. सरथ छिमले।
- "बालविवाहलाई नाइँ भन्नको लागि, महिनावारी भेदभावलाई नाइँ भन्नुहोस्। यो विश्वव्यापी रूपमा बालविवाहको लागि हराइरहेको चालक हो। 'डायलग अन डिग्निफाइड मेन्स्ट्रुएसन' प्रारम्भ गर्ने समय आएको छ, राधा पौडेल, संस्थापक, दक्षिण गोर्लादिय मर्यादित महिनावारी सञ्जाल।

###

राधा पौडेल फाउन्डेसन,नेपालले सन् २०१६ देखि अनौपचारिक रूपमा काम गर्न थालेको र सरकार अन्तर्गत २०१७ मा आधिकारिक रूपमा दर्ता भएको (१६७५०२/७४ र ४६६१९ समाज कल्याण परिषद्मा)। यसको भिजन गरिबी, अन्याय, भेदभावबाट महिनावारी भएकाहरूका लागि मुक्ति हो। राधा पौडेल फाउन्डेसन बारे थप जान्नको लागि, कृपया हाम्रो वेबसाइटमा जानुहोस्: https://www.radhapaudelfoundation.org/, हाम्रो Facebook: https://www.facebook.com/radhapaudelfoundation र ट्विटर: https://twitter.com/foundation_rp र इन्स्टाग्राम: https://www.instagram.com/radha_paudel_foundation/

दक्षिण गोलार्दिय मर्यादित महिनावारी संजाल को मिशन भनेको महिनावारीलाई असर गर्ने संस्थागत, संरचनात्मक, अन्तरव्यक्तिगत र सामाजिक दमनकारी प्रणालीहरू, महिनावारी हुने व्यक्तिहरू, र आधारभूत अपरिहार्य मानव अधिकारहरूमा पहुँच गर्ने क्षमता, खुसी नेतृत्व गर्न महत्वपूर्ण स्रोतहरू, र स्वस्थ जीवन, र सम्मान प्राप्त। हामी मासिक धर्मको समयमा सबैका लागि मर्यादा पुन: प्राप्त गर्ने हाम्रो दृष्टिकोण साझा गर्ने संस्थाहरू र व्यक्तिहरूलाई एकताबद्ध गर्न प्रयास गर्छौं र महिनावारी आन्दोलनलाई केन्द्रको मर्यादामा रूपान्तरण गर्ने लक्ष्य राख्छौं। GSCDM को बारेमा थप जान्नको लागि, कृपया हाम्रो वेबसाइटमा जानुहोस्: https://dignifiedmenstruation.org/, Facebook : https://www.facebook.com/DignifiedMenstruation र ट्विटर: https://twitter.com/GlobalSouthDM र Instagram: https://www.instagram.com/explore/tags/globalsouthcoalitionfordignifiedmenstruation/

एड्स हेल्थकेयर फाउन्डेशन (एएचएफ), सबैभन्दा ठूलो विश्वव्यापी एड्स संगठन, हाल अमेरिका, अफ्रिका, ल्याटिन अमेरिका/क्यारिबियन, एसिया/प्यासिफिक क्षेत्र र युरोपका ४५ देशहरूमा १.६ मिलियन भन्दा बढी ग्राहकहरूलाई चिकित्सा हेरचाह र/वा सेवाहरू प्रदान गर्दछ। AHF को बारेमा थप जान्नको लागि, कृपया हाम्रो वेबसाइटमा जानुहोस्: www.aidshealth.org, Facebook: www.facebook.com/aidshealth र ट्विटर: @aidshealthcare र Instagram: @aidshealthcare